जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः५ | संख्याः १८ | प्रमाणिकरण मितिः २०७९/१२/१२

भाग १

जीतपुरसिमरा उपमहानगरपालिका

## खेलकुद विकास ऐन, २०७९

<u>प्रस्तावनाः</u>

जीतपुरसिमरा उपमहानगरपालिकाको खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पुर्वधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, वडा, नगर, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभाद्वारा खेलकुद विकास ऐन, २०७९ जारी गरिएको छ ।

### परिच्छेद - एक

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस ऐनको नाम "खेलकुद विकास ऐन, २०७९" रहको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संयोजक" भन्नाले दफा ३ बमोजिम गठित नगर खेलकुद विकास समितिको संयोजक सम्झिनु पर्छ ।

(ख) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झिनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित भएको नगर खेलकुद विकास समिति सम्झिनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले दफा ३ बमाजिमको समिति सदस्य सम्झिनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउनेछ ।

(च) "सदस्य-सचिव" भन्नाले दफा ३ बमोजिम नगर खेलकुद विकास समितिको सदस्य-सचिव सम्झिनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

(ज) "कार्यपालिका सदस्य" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ञ) "उप-प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ठ) "परिषद" भन्नाले राष्ट्रिय खेलकुद परिषद र प्रदेश खेलकुद परिषद, मधेश सम्झनु पर्छ ।

## परिच्छेद - दुई

## खेलकुद विकास समिति

३. <u>नगर खेलकुद विकास समितिः</u>

(१) नगरमा खेलकुदको विकास गर्नको लागि नगर खेलकुद विकास समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्य रहनेछन ।

(क) नगरपालिका प्रमुख - संयोजक

(ख) नगरपालिका उप-प्रमुख - सदस्य

(ग) नगरपालिकाको कार्यपालिकाबाट मनोनित गरेको व्यक्ति २ जना -सदस्य

(ग) नगरपालिकाको नगर सभा सदस्य मध्ये एक जना -सदस्य

(घ) नगरपालिकाको नगर प्रहरी व्यवस्थापन शाखा प्रमुख -सदस्य

(ङ) खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई दश वर्ष काम गरेको व्यक्ति मध्ये एक जना महिला सहित नगरपालिकाले मनोनित गरेको ३ जना -सदस्य

(च) खेलकुदको क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रर्वधनात्मक कार्य गरेका खेलकुद विज्ञ मध्येबाट नगर प्रमुखले मनोनित गरेको कम्तीमा एक जना महिला सहित २ जना -सदस्य

(छ) फरक क्षमता भएका खेलाडी मध्येबाट नगर उप-प्रमुखले मनोनित गरेको एक जना -सदस्य

(ज) नगर प्रमुखले मनोनित गरेको खेलकुद पत्रकारिता क्षेत्रको प्रतिनिधि एक जना -सदस्य

(झ) नगर शिक्षा समितिले मनोनित गरेको खेलकुद प्रेमी शिक्षक ३ जना - सदस्य

(ञ) नगरपालिकाको युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

(३) समितिको बैठकमा खेलक्षेत्रसंग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ।

४. <u>सदस्य सचिवको काम, कर्तव्य र अधिकारः</u>

सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) खेलकुद समिति सन्बन्धमा निति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) समितिको बैठकको निर्णय प्रमाणिकरण एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिबाट स्विकृत खेलकुद सम्बन्धि नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरि समिति समक्ष पेश गर्ने,

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(च) वार्षिक प्रतिवेदन तयार गरि समिति समक्ष पेश गर्ने,

(छ) समिति तोकेको अन्य कार्य गर्ने, गराउने,

५. समिति बैठक र निर्णयः

(१) संयोजकको निर्देशन अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछन् र निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्ये बाट तोकिएको सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

(३) समितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ ।

(४) सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(५) बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - तीन

## समितिको काम, कर्तव्य र अधिकार तथा वडा समितिको व्यवस्था

६. समितिको काम, कर्तव्य र अधिकारः

दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिका स्तरीय लगाएतका खेलकुद प्रतियोगिता आयोजना गर्ने

(ख) नगरपालिका भित्र विद्यालय स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ग) अन्तर स्थानीय तह, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(घ) खेलकुद तथा आवश्कयता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(ङ) खेलकुदको विकास प्रवद्र्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउने,

(च) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन संरक्षण तथा रेखदेख गर्ने गराउने,

(छ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने,

(ज) नगरपालिकाको भूगोल तथा जनसंख्याको सन्तुलनका आधारमा समानुपातिक रुपमा खेलकुद विकास समिति गठन गर्ने र उक्त समितिलाई समन्वय र आवश्यक निर्देशन दिने,

(झ) आफनो तह र मातहतका खेलकुद सम्बन्धि संघसंस्थाको नियमन गर्ने,

(ञ) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनोट गरि विदेशमा समेत तालिम लिन पठाउने तर विदेशी प्रशिक्षक झिकाउदा परिषदको प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(ट) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृति प्रदान गर्नको लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ठ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगता सञ्चालन गर्ने व्यवस्था गर्ने गराउने,

(ढ) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

(ण) खेलकुद पर्यटनको विकास गर्ने,

(त) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

(थ) नगर खेलकुल विकासमा लागि प्राथमिकीकरण गर्ने गराउने,

(ध) खेलाडीको अभिलेख राख्ने,

(न) आवश्यकता अनुसार उप-समिति गठन गर्ने,

(प) बार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा मधेश प्रदेश, नेपाल
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(फ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने,

७. वडा स्तरीय खेलकुद विकास समितिः

(१) नगर खेलकुद विकास समिति मातहतमा वडा स्तरीय खेलकुद विकास समिति रहने छन् ।

(२) वडास्तरीय खेलकुद विकास समितिको गठनः

(क) वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति -अध्यक्ष

(ख) वडा समितिले तोकेको वडा सदस्य एक जना -सदस्य

(ग) खेलकुद क्षेत्रमा कम्तिमा पाँच वर्ष कार्य गरेको व्यक्ति -सदस्य

(घ) संघ संस्थाबाट एक जना महिला सहित दुई जना -सदस्य

(ङ) वडा सचिव -सदस्य सचिव

(३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडा कार्यालय र नगर खेलकुद विकास समिति संग समन्वय गरी वडा स्तरीय खेलकुद कार्यक्रम गर्ने ।

(ख) नगर खेलकुद समितिलाई खेलकुद सम्बन्धी निति तथा कार्यक्रमको विषयमा सुझाव, परामर्श दिने ।

(ग) विद्यालय खेलकुद कार्यक्रम सञ्चालन गर्ने ।

(घ) खेलकुद स्थल, रङ्गशाला, ग्राउण्डको संरक्षण गर्ने ।

(घ) नगर खेलकुद विकास समितिले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद - चार
## खेलकुद संस्था सम्बन्धी व्यवस्था

८. खेलकुद सम्बन्धि संस्थाको दर्ताः

(१) खेलकुद सम्बन्धि क्रियाकलाप आयोजना गर्ने क्लव संघ वा संस्थाको दर्ता सुचिकरण समिति मार्फत नगरपालिकामा हुनेछ ।

(२) यस अधि अन्य निकायमा दर्ता सुचिकरण अध्यावधिक रहेका खेलकुद सम्बन्धि संस्था यस ऐन बमोजिम दर्ता हुनु पर्नेछ।

९. दर्ताको लागि निवेदन दिनु पर्नेः

(१) दफा ८ बमोजिम नाम दर्ता सुचिकरण गराउन चाहने खेलकुद सम्बन्धि संस्थाले देहायका कुरा खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछः

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकुद,

(ग) कार्यकारिणी समितिका सदस्यको नाम, ठेगाना,

(घ) विधानको प्रमाणित प्रतिलिपि,

(ड) वार्षिक कार्ययोजना र आयश्रोत,

१०. नाम दर्ता सुचिकरण गर्न सक्नेः

(१) दफा ९ बमोजिम नाम दर्ता सुचिकरण गराउनको लागि दरखास्त परेमा समितिले तिस दिन भित्र आवश्यक जाँचवुझ गरी त्यस्तो संस्थाको नाम दर्ता सुचिकरण गर्न सक्नेछ ।

(२) समिति उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सुचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सुचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

११. विधान संशोधनको सूचनाः

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(१) यो ऐन बमोजिम समितिमा नाम दर्ता सुचिकरण भएको खेलकुल सम्बन्धि संस्थाले दफा ९ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु पर्ने कारण सहितको तीन महले तयार गरि सूचना तिस दिन भित्र समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सुचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण उचित देखेमा समितिले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

१२. <u>हिसाबको श्रेस्ता राख्नु पर्ने:</u>

(१) खेलकुद सम्बन्धि संस्थाले राखेको श्रेस्ताको आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचा राखुपर्नेछ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धि संस्थाले राखेको श्रेस्ताको जाँचबुझ नगरपालिकाले जहिले सुकै गर्न, गराउन सक्नेछ ।

१३. <u>निर्देशन दिने:</u>

(१) समितिले मातहतका खेलकुद सम्बन्धि संस्थालाई खेलकुदको विकासको सम्वन्धमा समय समयमा आवश्यक निर्देशन दिने सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित खेलकुद सम्वन्धि संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्वन्धि संस्था वा दफा १२ बमोजिम समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराखे वा रकम हिनामिना गर्ने खेलकुद सम्वन्धि संस्थाको नाम समितिले आफ्नो सुचिकरण वाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) समितिले आफ्नो सुचिकरण वाट कुनै खेलकुद सम्वन्धि संस्थाको नाम कटटा गरेमा त्यसको सुचना सम्वन्धित खेलकुद सम्वन्धि संस्थालाई दिनु पर्नेछ ।

१४. <u>स्विकृति लिनु पर्ने:</u>

खेलकुद सम्वन्धि संस्थाले राष्ट्रिय अन्तराष्ट्रिय खेलकुद प्रतियोगता वा सुचिकरण अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नगरपालिकामा हुने खेलकुद प्रतियोगता राष्ट्रिय अन्तराष्ट्रियस्तरको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानून बमोजिम स्विकृत लिनु पर्नेछ ।

## परिच्छेद - पाँच

## खेलकुद समितिको कोष तथा लेखापरिक्षण,सेवा सुविधा सम्बन्धी व्यवस्था

१५. <u>समितिको कोष:</u>

(१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछ:

(क) नेपाल सरकार र प्रदेश सरकार, वाट नगरपालिकामा प्राप्त रकम,

(ख) खेलकुद पुर्वाधार उपयोग गर्न दिए बापतको शुल्क,

(ग) खेलकुद सम्वन्धि प्रशिक्षण प्रदान गरे बापतको शुल्क,

(घ) खेलकुद प्रदर्शन गरि आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(च) नेपाल सरकारको अनुमतिमा राष्ट्रिय, अन्तराष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) समितिको नामबाट गरिने सबै खर्च कोष बाट व्यहोरिने छ ।

(३) समितिको कोषवाट रहने रकम बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(४) समितिको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१६. <u>सम्झौता गर्दा उपमहानगरपालिकाबाट स्वीकृत लिनु पर्ने:</u>

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

नगरपलिकाले आफनो कार्य सञ्चालनको सिलशिलामा विदेशी सरकार वा अन्तराष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

१७. लेखा र लेखापरीक्षणः

(१) समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले गर्नेछ।

(३) समितिको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) नगरपालिकाले समितिको आय व्ययको लेखा, तत् तत् सम्बन्धी कागजात, नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१८. सदस्यको भत्ताः

(१) सदस्यले नगरपालिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

(२) सदस्यले समितिको काम विशषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ । ।

१९. अधिकार प्रत्यायोजनः

नगरपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, सदस्य, दफा ३ बमोजिमको समिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. नगरपालिकाले निर्देशन दिन सक्नेः

(१) नगरपालिकाले खेलकुद विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२१. सजाय र कारबाहीः

(१) समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछः

(क) समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद विकास समिति, खेलकुद सम्बन्धी सस्था वा क्लवहरु लाई पहिलो पटक चेतावनी सहित पाँच हजार रुपैयाँ जरिवाना र सोही कसुर दोहोऱ्याएमा समिति वा सस्था खारेजी।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणमलाई प्रतिकुल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा, वडास्तरको खेलकुद प्रतियोगिताको हकमा - दश हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध । नगरस्तरको खेलकुद प्रतियोगिताको हकमा - बिश हजार रुपौयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध ।

(२) उपदफा (१) बमोजिक समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैतीस दिन भित्र नगरपालिका न्यायिक समिति समक्ष उजुर गर्न सकिनेछ ।

## परिच्छेद - छ
## विविध

२२. प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्थाः

(१) नगरपालिकाले खलकुदको विकासका लागि नगर खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सक्नेछ।

(२) खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. नियम बनाउने अधिकारः

यस ऐन कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम,कार्यविधि,निर्देशिका बनाउन सक्नेछ ।

२४. नागरिकको कर्तव्यः

खेल खेल्नु र खेलाउनु सबै नागरिकको कर्तव्य हुनेछ ।

२५. <u>यस ऐन बमोजिम हुनेः</u>

यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

२६. <u>संसोधनः</u>

यस ऐनलाई नगर सभाले आवश्यक्ता अनुसार संसोधन गर्न सक्नेछ ।

आज्ञाले,

हरिलाल पुरी

प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका